राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०८ बमोजिम तयार पारिएको

विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

विधेयकको नामः सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक,२०८३

संशोधनको सूचना दर्ता गराउनु भएका माननीय सदस्यहरू (दर्ताक्रमानुसार):

दर्ता नं.	संशोधन प्रस्तावकर्ता माननीय सदस्य	दर्ता नं.	संशोधन प्रस्तावकर्ता माननीय सदस्य
०१	मा. भुवन बहादुर सुनार	०२	मा. सुरेश कुमार आलेमगर, मा. विष्णु बहादुर विश्वकर्मा, मा. रेनु चन्द, मा. घनश्याम रिजाल, मा. मनरुपा शर्मा, मा. सावित्रि मल्ल र मा. श्रीकृष्ण प्रसाद अधिकारी
०३	मा. अन्जान शाक्य	०४	मा. मदन कुमारी शाह "गरिमा"
०५	मा. प्रेम प्रसाद दंगाल	०६	मा. पदम बहादुर परियार, मा. विष्णु कुमारी सापकोटा, मा. खम्म बहादुर खाती, मा. धर्मेन्द्र पासवान र मा. वासुदेव घिमिरे

संशोधन प्रस्तावको विवरण (दफाक्रमानुसार मिलाइएको)

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
१.	मा. भुवन बहादुर सुनार	प्रस्तावना				"पशु" भन्ने शब्दको सट्टा "पशुपन्छी" भन्ने शब्द थप्ने ।
२.	मा. सुरेश कुमार आलेमगरसमेत	प्रस्तावना				प्रस्तावना निम्नानुसार लेख्ने:- मानव र पशुका बीचमा अन्योन्याश्रित सम्बन्ध हुने भएकाले पशुमा लाग्ने सङ्क्रामक र महामारीजन्य सङ्क्रामक रोगको पहिचान, प्रतिकार्य, रोकथाम, निवारण एवं उन्मूलन गर्ने र पशु स्वास्थ्य एवं पशुजन्य उत्पादनको सुरक्षा गर्ने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न बान्छनीय भएकोले सङ्घीय संसदले यो ऐन बनाएको छ ।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
३.	मा. मदन कुमारी शाह "गरिमा"	१	१			दफा १ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने: (१) यस ऐनको नाम "सङ्क्रामक पशुपंक्षी रोग (निवारण) ऐन, २०८३" रहेको छ ।
४.	मा. भुवन बहादुर सुनार	संक्षिप्त नाम र प्रारम्भ	(२)			"३१औं दिन देखि प्रारम्भ हुनेछ" बनाउने ।
५.	मा. सुरेश कुमार आलेमगरसमेत	१	(२)			"एकानब्बेऔं" भन्ने शब्दको सट्टा "३१औं" भन्ने शब्द राख्ने ।
६.	मा. भुवन बहादुर सुनार	परिभाषा (ञ)				पहिलो लाइनको तथा पछि "अखेटो" थप गर्ने ।
		परिभाषा (थ)				तेस्रो हरफको ढुवानी साधनपछि "समेतलाई" थप गर्ने ।
७.	मा. मदन कुमारी शाह "गरिमा"	२				खण्ड थप गरी महामारीको परिभाषा राख्नु पर्ने।
८.	मा. अन्जान शाक्य	२	(ण)			"तोकेको" भन्ने शब्दहरू पछि "र अचानक देखापर्ने नयाँ तथा मानिसमा समेत सर्ने जुनोटिक प्रकृतिका पशु रोगहरू समेत समझनुपर्छ" भन्ने शब्दहरु थप्नुपर्ने।
९.	मा. प्रेम प्रसाद दंगाल	२	(भ)			ऐनको दफा २ परिभाषामा थप्ने:

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						"पशु चिकित्सक" भन्नाले नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको पशु चिकित्सक सम्झनु पर्दछ।
			(म)			(म) " सङ्क्रामक पशु रोग निगरानी अधिकारी" भन्नाले प्राविधिक प्राप्त पशु चिकित्सक सम्झनु पर्दछ।
१०.	मा. भुवन बहादुर सुनार	३	(१)			दोस्रो हरफ स्थानीय तहको कार्यालयपछि थप गर्ने वा पशु स्वास्थ्यमा काम गर्ने व्यक्ति, स्वयंसेवक र स्थानीयलाई मौखिक जानकारी दिने ।
११.	मा. प्रेम प्रसाद दंगाल	३	(२)			ऐनको दफा ३ को उपदफा (२) मा कार्यालयलाई पछि "तुरन्तै" शब्द थप्ने ।
१२.	मा. भुवन बहादुर सुनार	५	(२)			अन्तिम हरफको लागि पछि "सम्बन्धित नियन्त्रण" शब्द राख्ने ।
१३.	मा. मदन कुमारी शाह "गरिमा"	७				"नेपाल सरकारले समन्वय र प्रतिकार्य गर्न सक्ने" को सट्टा "मन्त्रालयले समन्वय र प्रतिकार्य गर्न सक्ने" राख्ने ।
१४.	मा. भुवन बहादुर सुनार	७	(१)	(क)		दोस्रो हरफको सम्भावना भएमा "सिमाना, यातायात, हवाई, पैदल यात्रु मार्फत" थप गर्ने ।
				(ख)		तेस्रो हरफको "गम्भीर" शब्दको सट्टा "ठूलो" राख्ने ।
१५.	मा. अन्जान शाक्य	७	(१)			"र स्थानीय तह" भन्ने शब्दहरूको सट्टा "स्थानीय तह, विश्वविद्यालय, सम्बन्धित संघ संस्था तथा निजी क्षेत्रको" भन्ने शब्दहरू थप्नुपर्ने ।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
१६.	मा. मदन कुमारी शाह "गरिमा"	७	(१)			"देहायको अवस्थामा नेपाल सरकारले" को सट्टा "देहायको अवस्थामा मन्त्रालयले" राख्ने ।
१७.	मा. अन्जान शाक्य	८	(१)			"राहतको" सट्टा "क्षतिपूर्ति" राख्ने ।
१८.	मा. प्रेम प्रसाद दंगाल	८	(१)			ऐनको दफा ८ उपदफा (१) मा "सङ्क्रामक पशु रोग नियन्त्रण" पछि "लागत सहितको" शब्द थप्नु पर्ने।
१९.	मा. मदन कुमारी शाह "गरिमा"	८	(१)			उपदफा (१) को वाक्य बाट "यस सम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासको आधारमा" भन्ने शब्दहरु झिक्ने ।
२०.	मा. प्रेम प्रसाद दंगाल	८	(४)			उपदफा (४) मा कानून बमोजिम स्थापना भएको शब्द पछि "राष्ट्रिय" शब्द थप्ने र पछिको राष्ट्रिय शब्द हटाउने।
२१.	मा. अन्जान शाक्य	९				दफा ८ पछि दफा ९ थप्ने "खोप र औषधि आपूर्ति" शीर्षक थपी त्यस अन्तर्गत "स्थानीय तहले आकस्मिक खोप र औषधि खरिद गरी परिचालन गर्न पाउनेछ" भन्ने अधिकार थप्नुपर्ने । "निजी क्षेत्रलाई पनि निश्चित मापदण्ड भित्र रहेर भ्याक्सिन उत्पादन वा आयातमा प्रोत्साहन गर्नेछ र प्रदेश सरकारले आकस्मिक भण्डारण राख्नुपर्नेछ"। प्रावधान अनिवार्य बनाउन शब्दहरू थप्नुपर्ने ।
२२.	मा. पदम बहादुर परियारसमेत	९				दफा ९ पछि पशुपन्छी पालनमा जैविक सुरक्षासम्बन्धी दफा १० थप गरी क्रमसंख्या मिलाउने ।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
२३.	मा. प्रेम प्रसाद दंगाल	९	(१)			दफा ९ को उपदफा (१) मा रहेको "तीन महिना" भन्ने शब्दको सट्टा "३० दिन" भन्ने शब्दहरु राखे।
२४.	मा. पदम बहादुर परियारसमेत	९	(१)			दफा ९ को उपदफा (१) मा रहेको "तीन महिना" भन्ने शब्दको सट्टा "३० दिन" भन्ने शब्दहरु राखे।
२५.	मा. अन्जान शाक्य	११	(१)			"गठित स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले त्यस्तो क्षेत्र वा स्थानलाई सङ्क्रमक पशुरोग सङ्क्रमित क्षेत्र घोषणा गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा सिफारिस गर्न सक्नेछ।" शब्दहरू हटाई "कानुन बमोजिम" भन्ने शब्दहरु पछि "स्थानीय तहले आफ्नो क्षेत्रभित्र रोगको प्रकृति हेरी सङ्क्रमित क्षेत्र घोषणा गरी सोको जानकारी जिल्ला प्रशासन र प्रदेश सरकारलाई दिनुपर्नेछ।" शब्दहरु थप्नुपर्ने ।
२६.	मा. मदन कुमारी शाह "गरिमा"	१३	(१)			उपदफा (१) मा नेपालको.....अवस्था भएमा पछि "मन्त्रालयको सिफारिसमा" शब्दहरु थप्ने।
		१६	(२)			उपदफा (२) मा.....देखिएमा पछि "मन्त्रालयको सिफारिसमा" शब्दहरु थप्ने।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
		१६				दफा १७ को उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्ने (६) कुनै पनि ठाउँको वन्यजन्तुमा कुनै पनि प्रकारको पशु सङ्क्रामक वा महामारी रोग देखिए विभागसँगको समन्वयमा नेपाल सरकारको वन र वन्यजन्तु हेर्ने विभागहरुले यस ऐन बमोजिम सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी कार्यहरु गर्नु पर्नेछ ।
२७.	मा. पदम बहादुर परियारसमेत	१७				दफा १७ को उपदफा (५) पछि देहाएको उपदफा (६) र (७) थप गर्ने:- (६) कुनै पनि ठाउँको वन्यजन्तुमा कुनै पनि प्रकारका पशु सङ्क्रामक वा महामारी रोग देखिए विभागसँगको समन्वयमा नेपाल सरकारको वन र वन्यजन्तु हेर्ने विभागहरुले यस ऐन बमोजिम सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी कार्यहरु गर्नु पर्नेछ। (७) कुनै पनि पशु सङ्क्रामक रोग वा पशु माहामारी मानिसमा सर्ने सम्भावना भए स्वास्थ्य हेर्ने सम्बन्धित विभाग वा

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						कार्यालयहरुले समन्वय गरी एकिकृत सघन निगरानी र प्रतिकार्य सम्बन्धी कार्यहरु गर्नुपर्नेछ।
२८.	मा. प्रेम प्रसाद दंगाल	१७	(१)			उपदफा (१) मा सङ्क्रामक रोग नियन्त्रणको काम पछि...."पशु चिकित्सकले" थप्ने।
			(५)			सङ्क्रामक रोग नियन्त्रण गर्न जनशक्तिको अभाव देखिएमा परिषद्को समन्वयमा आवश्यक जनशक्ति परिचालन गरिनेछ। (५) लाई (६) बनाउने (क्रमबद्ध मिलाउने)
						दफा १७ को उपदफा (५) पछि देहाएको उपदफा (६) र (७) थप गर्ने:- (६) कुनै पनि ठाउँको वन्यजन्तुमा कुनै पनि प्रकारका पशु सङ्क्रामक वा महामारी रोग देखिए विभागसँगको समन्वयमा नेपाल सरकारको वन र वन्यजन्तु हेर्ने विभागहरुले यस ऐन बमोजिम सङ्क्रामक पशु रोग नियन्त्रण सम्बन्धी कार्यहरु गर्नुपर्नेछ। (७) कुनै पनि पशु सङ्क्रामक रोग वा पशु माहामारी मानिसमा सर्ने सम्भावना भए स्वास्थ्य हर्ने सम्बन्धित विभाग वा कार्यालयहरुले समन्वय गरी एकिकृत सघन निगरानी र प्रतिकार्य सम्बन्धी कार्यहरु गर्नुपर्नेछ।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
२९,	मा. पदम बहादुर परियारसमेत	१८	२			उपदफा २ पछि निम्नानुसारको उपदफा ३ थप गर्ने । उपदफा (३) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले कुनै क्षेत्रमा सङ्क्रामक पशु रोगको महामारीका कारण १० भन्दा बढि पशुपन्छी मरेको प्रमाणित गरेको अवस्थामा पशुपन्छीको पशुधनीलाइ तोकिएको मापदण्डको आधारमा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले स्वीकृत गरेको मापदण्डको आधारमा राहत उपलब्ध गराउन सक्नेछ ।
३०.	मा. भुवन बहादुर सुनार	१८	(४)			अन्तिम हरफको "धनीले" भन्ने शब्दको सट्टा "नेपाल सरकार रोग नियन्त्रण कार्यालयले" थप गर्ने ।
३१.	मा. सुरेश कुमार आलेमगरसमेत	१८	(४)			रोग नियन्त्रणका लागि सरकारी आदेशवाट पशु वा पशुजन्य वस्तु नष्ट गर्नुपरेमा त्यसको नष्ट गर्ने, व्यवस्थापन तथा निःसङ्क्रमणको खर्च नेपाल सरकार वा सम्बन्धित तहको सरकारले व्यहोर्ने व्यवस्था गर्नुपर्ने।
३२.	मा. सुरेश कुमार आलेमगरसमेत	२०	(१) र (२)			स्थानीय तहले आवश्यक प्राविधिक जनशक्ति, उपकरण तथा व्यवस्थापन खर्च उपलब्ध गराउनेछ भन्ने व्यवस्था थप गर्नुपर्ने।
३३.	मा. भुवन बहादुर सुनार	२०	(२)	(१)		दोस्रो हरफमा व्यवस्थापन पछि "प्राविधिकको सहयोगमा" थप गर्ने।
३४.	मा. प्रेम प्रसाद दंगाल	२०	(४)			उपदफा (४) थप्ने:-

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						"सङ्क्रामक पशु रोगबाट सङ्क्रमित खोर गोठ, सङ्क्रमित भएको वडा कार्यालयको समन्वयमा सङ्क्रमित क्षेत्रको नजिक पर्ने गरी सङ्क्रमित पशु र वस्तुको व्यवस्थापन पशु धनीले गर्नेछ।
		२१	(४)			उपदफा (४) मा रहेको "मत्स्य विकास अधिकृत" भन्ने शब्दको सट्टा "मत्स्य चिकित्सक" भन्ने शब्द राख्ने।
३५.	मा. पदम बहादुर परियारसमेत	२१	(४)			उपदफा ४ मा रहेको "मत्स्य विकास अधिकृत" भन्ने शब्दको सट्टा "मत्स्य चिकित्सक" भन्ने शब्द राख्ने।
३६.	मा. सुरेश कुमार आलेमगरसमेत	२२	(३)			दफा २२ (३) मा रहेको खोप लगाउन आर्थिक तथा प्राविधिक सहयोग स्थानीय तहको अनुरोधमा नेपाल सरकार वा प्रदेश सरकारले "उपलब्ध गराउन सक्नेछ" भन्ने शब्दको सट्टा "उपलब्ध गराउनुपर्नेछ" राख्नुपर्ने ।
३७.	मा. मदन कुमारी शाह "गरिमा"	२३	(१)			जोन वा कम्पाउण्टमेन्ट शब्दहरु हटाउने।
			(२)			"जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन" को सट्टा "क्षेत्र निर्धारण तथा क्षेत्रको खण्डिकरण" शब्दहरु राख्ने।
३८.	मा. सुरेश कुमार आलेमगरसमेत	२५	(१)	(क) र (ख)		स्पष्ट पार्ने ।
३९.	मा. भुवन बहादुर सुनार	२६				(च) थपी सङ्क्रामक रोग प्रभावित क्षेत्रबाट लान-ल्याउन नहुने जस्तैः- पशुपन्छी, माछा, दाना, ढुवानी साधन लगायत माथि नियन्त्रण गर्ने राख्ने ।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
			(१)			दफा २६ को उपदफा (१) मा.... उन्मूलन सम्बन्धी शब्द पछि 'लागत-सहितको' शब्द थप्ने।
४०.	मा. प्रेम प्रसाद दंगाल	२६		(ङ)		दफा २६ को खण्ड (ङ) को सट्टा देहाएको खण्ड (ङ), (च) र (छ) राख्ने: (ङ) सङ्क्रामक पशु रोग फैलन नदिन पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्रीको आन्तरिक ओसारपसार तथा ढुवानीलाई व्यवस्थित गर्न विद्युतीय प्रणाली लागु गर्ने गराउने, (च) पशु सङ्क्रामक वा महामारी रोग नियन्त्रणका लागि आवश्यक पशु उत्पादन सामाग्रीहरुको आन्तरिक माग र आपूर्तिको अवस्थाको अध्ययन गरी त्यसको उत्पादन अनुमति, आयात निर्यात अनुमति, गुणस्तर नियमन सम्बन्धी कार्य गर्ने गराउने। (छ) कुकुर, बिराला लगाएतका घरपालुवा वा सामुदायीक पशुको पहिचान र दर्ता प्रणाली स्थापना तथा खोप सम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी लागु गर्ने गराउने।
४१.	मा. मदन कुमारी शाह "गरिमा"	२६		(ङ)		खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्ने । सङ्क्रामक पशु रोग फैलन नदिन पशु, पशुजन्य पदार्थ, पशु आहार र पशु उत्पादन वस्तुको आन्तरिक ओसारपसार तथा ढुवानीलाई व्यवस्थित गर्न विद्युतीय प्रणाली लागु गर्ने गराउने।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
४२.	मा. पदम बहादुर परियारसमेत	२६		(ङ)		दफा २६ को खण्ड (ङ) को सट्टा देहाएको खण्ड (ङ) र (च) राख्ने:- (ङ) सङ्क्रामक पशु रोग फैलन नदिन पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामाग्रीको आन्तरिक ओसारपसार तथा ढुवानीलाई व्यवस्थित गर्न विद्युतीय प्रणाली लागु गर्ने गराउने, (च) पशु सङ्क्रामक वा महामारी रोग नियन्त्रणका लागि आवश्यक पशु उत्पादन सामाग्रीहरुको आन्तरिक माग र आपूर्तिको अवस्थाको अध्ययन गरी त्यसको उत्पादन अनुमति, आयात निर्यात अनुमति, गुणस्तर नियमन सम्बन्धी कार्य गर्ने गराउने। (ज) कुकुर, बिराला लगाएतका घरपालुवा वा सामुदायिक पशुको पहिचान र दर्ता प्रणाली स्थापना तथा खोप सम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी लागु गर्ने गराउने।
४३.	मा. मदन कुमारी शाह "गरिमा"	२६				खण्ड (च) थप्ने:- (च) पशु सङ्क्रामक वा महामारी रोग नियन्त्रणकालागि आवश्यक पशुजन्य पदार्थ तथा उत्पादन सामाग्रीहरुको आन्तरिक माग र

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						आपूर्तिको अवस्थाको अध्ययन गरी त्यसको उत्पादन, अनुमति, आयात निर्यात अनुमति र गुणस्तर नियमन सम्बन्धी कार्य गर्ने गराउने ।
		२६				खण्ड (छ) थप्ने, (छ) गाईगोरु, कुकुर, बिरालो लगायतका घरपालुवा वा सामुदायिक पशुको पहिचान दर्ता प्रणाली स्थापना तथा खोप सम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी लागु गर्ने गराउने ।
४४.	मा. प्रेम प्रसाद दंगाल	२८				उपदफा (४) पछि (५) थप गरी देहाय बमोजिम राख्ने: "सङ्क्रामक पशु रोग नियन्त्रण गर्नको लागी मन्त्रालयद्वारा स्वीकृत प्राविधिक कार्ययोजना सञ्चालन गर्न अर्को मन्त्रालयले आर्थिक श्रोत उपलब्ध गराउनेछ"
४५.	मा. भुवन बहादुर सुनार	२८	(१)			अन्तिम हरफ "सक्नेछ" को सट्टा "पर्नेछ" राख्ने ।
४६.	मा. सुरेश कुमार आलेमगरसमेत	२८	(१)			नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले सङ्क्रामक पशु रोग नियन्त्रण गर्ने सिलसिलामा आधिकारिक निकायको आदेशबमोजिम कुनै पशु, शङ्कास्पद सङ्क्रामक वस्तु वा पशुजन्य पदार्थ नष्ट गरिएकोमा त्यस्तो पशु, वस्तु वा पदार्थको धनीलाइ नेपाल सरकारले स्वीकृत मापदण्डको आधारमा उपलब्ध गराउन

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						सक्नेछ शब्दावली हटाई सम्बन्धित पशुधनीलाइ स्वीकृत मापदण्ड बमोजिम उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्नेछ ।
४७.	मा. प्रेम प्रसाद दंगाल	२८	(१)			दफा २८ को उपदफा (१) पछि देहाएको खण्ड (क) थप गर्ने: उपदफा (१) बमोजिमको राहात उपलब्ध गराउन नेपाल सरकारले राहत कोषको स्थापना गर्नेछ। उक्त कोषको सञ्चालन र व्यवस्थापन तोकिएबमोजिम हुनेछ।
४८.	मा. पदम बहादुर परियारसमेत	२८	(१)			उपदफा (१) पछि निम्नानुसारको उपदफा (२) थप गर्ने । उपदफा (२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले कुनै क्षेत्रमा सङ्क्रामक पशुरोगको महामारीका कारण १० भन्दा बढि पशुपन्छी मरेको प्रमाणित गरेको अवस्थामा पशुपन्छीको पशुधनीलाइ तोकिएको मापदण्डको आधारमा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले स्वीकृत गरेको मापदण्डको आधारमा राहत उपलब्ध गराउन सक्नेछ ।
		२८	(२)			दफा २८ को उपदफा (२) पछि देहाएको उपदफा (३) थप गर्ने:-

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						(३) उपदफा (१) बमोजिमको राहात उपलब्ध गराउन नेपाल सरकारले राहत कोषको स्थापना गर्नेछ। उक्त कोषको सञ्चालन र व्यवस्थापन तोकिएबमोजिम हुनेछ।
४९.	मा. भुवन बहादुर सुनार	२८	(२)	(१)		(ग) पछि (घ) थप गरी किसानले पालेका पशु सङ्क्रामण रोगबाट नष्ट भएमा जाहेरीका आधारमा वडाको सिफारिसमा पशुपन्छी कार्यालयले राहत सहयोग दिनुपर्नेछ राख्ने ।
५०.	मा. अन्जान शाक्य	परिच्छेद ४ २८				परिच्छेद ४ र दफा २८ को शीर्षकको "राहत" को सट्टा "क्षतिपूर्ति" राख्ने "राहत उपलब्ध गराउन सक्नेछ।" शब्दहरूको सट्टा "क्षतिपूर्ति उपलब्ध गराउनुपर्नेछ।"
५१.	मा. मदन कुमारी शाह "गरिमा"	२९	१			यस उपदफाको अन्तिमा "सकिनेछ" को सट्टा "गराइनेछ" राख्ने ।
५२.	मा. भुवन बहादुर सुनार	२९	(४)			"राहतको" सट्टा "सहयोग क्षतिपूर्ति राख्ने" ।
५३.	मा. सुरेश कुमार आलेमगरसमेत	२९	(४)			क) भाषा मिलाउनु पर्ने । ख) राहतको सट्टा "बीमा रकम" भन्नु पर्ने । राहतको न्यूनतम रकम, बीमा तथा आश्रित परिवारलाई उपलब्ध हुने सुविधा स्पष्ट रूपमा तोक्नुपर्ने।
५४.	मा. अन्जान शाक्य	२९	(४)			"राहतको" सट्टा "क्षतिपूर्ति" शब्दहरु राख्ने" ।

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
५५.	मा. भुवन बहादुर सुनार	३०	(१)	(क)		थप गर्ने-त्यस्ता पशु, मासु, दाना, लुकाई-छिपाई अन्यत्र बिक्री वितरण गरेमा।
५६.	मा. भुवन बहादुर सुनार	३०	(२)	(क)		"कसूर हेरी पचास हजार देखि एक लाख सम्म" भन्ने थप गर्ने ।
५७.	मा. अन्जान शाक्य	३०	(२)	(क)		"दश हजार रुपैयाँसम्म जरिवाना" शब्द हटाई "पच्चिस हजार रुपैयाँसम्म" जरिवाना भन्ने शब्दहरु थप्ने ।
५८.	मा. भुवन बहादुर सुनार	३०	(२)	(ख)		बीस हजार देखि पचास हजार बनाउने ।
५९.	मा. अन्जान शाक्य	३०	(२)	(ख)		"पचास हजार रुपैयाँसम्म जरिवाना" शब्दहरु हटाई "एक लाख रुपैयाँसम्म जरिवाना वा पशुको बिगो बमोजिमको जरिवाना" शब्दहरू थप्नुपर्ने ।
६०.	मा. सुरेश कुमार आलेमगरसमेत	३०	(२)	(ख)		भाषा प्रष्ट पार्नुपर्ने र सजाय ठोस गर्नुपर्ने ।
६१.	मा. मदन कुमारी शाह "गरिमा"	३०	४			पुर्नलेखन गर्नु पर्ने कर्मचारीको बीमा अनिवार्य गर्नुपर्ने र स्वास्थ्य उपचार सरकारले गर्नुपर्ने।
		३५				"नेपाल सरकार"को सट्टा "मन्त्रालय" राख्नु पर्ने।
६२.	मा. पदम बहादुर परियारसमेत	३८				उपदफा (१): पशु रोग सङ्क्रमित क्षेत्र, सघन निगरानी क्षेत्र, महामारी प्रभावित क्षेत्रमा विभाग, प्रदेश सरकार र स्थानीय तहले

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						स्थानीय आवश्यकताअनुसार सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।
६३..	मा. अन्जान शाक्य	४२	(१)			"आवश्यक नियम बनाउन सक्नेछ" भन्ने शब्दहरूको पछि "र स्थानीय तहले पनि आफ्नो क्षेत्र अनुकूल नियम बनाउन सक्नेछ" भन्ने शब्दहरू थप्नुपर्ने ।
६४.	मा. प्रेम प्रसाद दंगाल	४२				खण्ड (छ) पछि देहायका खण्डहरु थप गर्ने (ज) जोनिङ्ग र कम्पार्टमेन्टलाईजेसन सम्बन्धी विषय (झ) पशु सङ्क्रामक रोगमा प्रयोग हुने पशु उत्पादन सामाग्रीको नियमन सम्बन्धी व्यवस्था
६५.	मा. पदम बहादुर परियारसमेत	४२				खण्ड (छ) पछि देहायका खण्डहरु थप गर्ने: (ज) जोनिङ्ग र कम्पार्टमेन्टलाईजेसन सम्बन्धी विषय (झ) पशु सङ्क्रामक रोगमा प्रयोग हुने पशु उत्पादन सामाग्रीको नियमन सम्बन्धी व्यवस्था।
६६.	मा. प्रेम प्रसाद दंगाल	४६				दफा थप्ने:- ऐन कार्यान्वयन मापन- यो ऐन प्रारम्भ भएको मितिले पाँच वर्ष पूरा भएको १ वर्षभित्र र तत्पश्चात् प्रत्येक ५ वर्ष पूरा भएको १ वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको

क्र.सं.	संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू	विधेयकको				प्रस्तावित संशोधनको व्यहोरा
		प्रस्तावना /दफा	उपदफा	खण्ड	उपखण्ड	
						प्रतिवेदन सङ्घीय संसद्को दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नुपर्नेछ भन्ने थप गर्ने ।

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०७ को उपनियम (२) बमोजिम क्र.सं. १ देखि ६६ सम्मको संशोधन प्रस्तावहरु छलफलका लागि स्वीकृत।

.....

(नारायण प्रसाद दाहाल)

अध्यक्ष, राष्ट्रिय सभा

मितिः २०८३।०४।३०